# दशरथचन्द नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खलङ्गा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं./Ref No:-२०८३/०८४

चलानी नं./Dispatch No:-

---

## सडक सरसफाई कार्यका लागि आवश्यकं उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धि सूचना ||

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/३१**

उपरोक्त विषय सम्बन्धमा चालु आ.व २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस नगरपालिकाका १ देखि ११ वडाहरुमा सडक सरसफाई कार्य गर्न तपशिलका सर्तहरुको अधिनमा रहने गरि देहायका उपकरणहरु भाडामा (सम्पूर्ण व्यवस्थापन सहित) आवश्यक परेको हुँदा ईच्छुक निर्माण व्यवसायीले तपशिल बमोजिमका आवस्यक कागजात सहित मिति २०८३/०६/०७ गते भित्र सडक बिभागले तोकेको दररेटमा नबढ्ने गरि दररेट पेश गर्नहुन ईच्छुक निर्माण व्यवसायी/फर्मका लागि यो सूचना प्रकाशित गरिएको छ |

तपशिल :

क)सर्तहरु

१.सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्युनतम दररेटको आधारमा नगरपालिकाले उपलब्ध गराएको लगबुक सम्बन्धित वडा प्राविधिक (साइट इन्चार्ज)ले प्रमाणित गरेको घण्टाको आधारमा बिल उपलब्ध गराइनेछ |

२.प्रत्येक पटक गर्ने कार्य यस कार्यालयको कार्य आदेश बमोजिम गर्नुपर्नेछ |

३. निर्माण व्यवसायीले सम्झौता भएको मिति देखि कार्तिक ३० गते सम्म उल्लेख गरिएका उपकरण कार्यालयले खोजेको बखत तत्काल उपलब्ध गराउन सक्ने गरि तयारि अवस्थामा राख्नु पर्नेछ | सडक सरसफाई कार्य १ देखि ११ वटै वडामा तोकिएको समय र स्थानमा गर्नुपर्नेछ |

४. निर्माण व्यवसायीले एक Backhoe Loader र एक Tractor with Hydraulic Trolley तयारि अवस्थामा राख्नु पर्नेछ | साथै आवस्यक परेको खण्डमा एक समयमा एक भन्दा बढी उपकरण उपलब्ध गराउनु पर्नेछ |

५.आफ्नो कम्पनिको उपकरण नभएमा अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदन साथ भाडामा लिने/ दिने भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ |यसरि एउटै फर्म वा कम्पनिबाट भाडामा लिएको उपकरण एकभन्दा बढी निर्माण व्यवसायीले पेस गरेमा दुवै प्रस्ताव अस्वीकृत हुनेछन |

६. उकरणका लागि आवश्यक पर्ने इन्धन ,मर्मत संभारको खर्च ,चालकको पारिश्रमिक तथा खाने बस्ने सबै व्यवस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ | यसका लागि नगरपालिका समक्ष कुनै दावी गर्न पाइने छैन |

७.चालक र मेसिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र सडक सरसफाई गर्दा कुनै दुर्घटना भई केहि मानवीय क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयम् निर्माण व्यवसायी हुनेछ |

५/३१

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# दशरथचन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलङ्गा, गढी, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं./Ref No:-२०८३/०८४

चलानी नं./Dispatch No:-

दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको कार्यालय गढी खलङ्गा, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

८.दररेट पेश गर्ने फर्म/व्यवसायीले रु ५००००.०० (अक्षरुपी पचास हजार रुपैया मात्र ) यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैक लिमिटेड बैतडी ,शाखाको धरौटी खाता न. 4050100303000002 मा रकम जम्मा गर्नुपर्नेछ ।

९.निर्माण व्यवसायीले सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसंग गरिएको यो सम्झौता रद्द गरि धरौटी जफत गरिनेछ ।

१०.यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैकमा रहेको राजश्व खाता न. GA 1.1 4050100301010002 मा रु १०००.००(अक्षरुपी एक हजार रुपैया मात्र )रकम दाखिला गरि कार्यालयबाट दरभाउ पत्र फारम प्राप्त गर्न सकिनेछ ।

११.मिति २०८३/०६/०७ गते १२:०० बजे भित्र दरभाउ पत्र सिलबन्दी गरि पेश गर्नु पर्नेछ । यसरि दर्ता हुन आएका दरभाउ पत्र सोही दिनको २ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रहोबरमा खोलिनेछ ।तर प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा दरभाउ पत्र खोल्न कुनै बाधा हुने छैन ।

१२.म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको दरभाउ पत्रलाई मान्यता दिइने छैन ।

१३. निर्माण व्यवसायीहरुले छुट्टाछुट्टै दररेट पेश गर्नु पर्नेछ ।

१४.यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ को दोश्रो संशोधन , सार्वजनिक खरिद नियमावाली २०६४ को सोह्रौं संशोधन बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

<u>ख )आवस्यक कागजातहरु</u> :

१)फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

२)PAN र VAT दर्ताको प्रमाणपत्रको प्रतिलिपि

३) ०८२/०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

४)मेसिन सम्बन्धि सम्पूर्ण कागजात

५) निर्माण कम्पनि इजाजत पत्र नबिकरण गरेको प्रतिलिपि

ग ) आवश्यक उपकरणहरु :

| क्र .स | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | BACKHOE LOADER | 1 | |
| २. | TRACTOR WITH HYDRAULIC TROLLEY | 1 | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner